# केपिलासगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बाक्सिला, खोटाङ

प.सं. : ०७७।०७८ प्रदेश नं. १

च.नं. : मिति : २०७७।१०।२२

**प्रशिक्षकको सूचि (Roster) मा नाम समावेश गर्ने सम्वन्धी सूचना ।**

**सूचना प्रकाशित मिति : २०७७।१०।२२**

यस गाउँपालिकाबाट विभिन्न विषयका सीपमूलक तथा उद्यमशिलता विकास तालिम सञ्चालन गर्न आवश्यक पर्ने प्रशिक्षकको सूचि (Roster) निर्माण गर्नुपर्ने भएकोले सम्बन्धीत विषयको सूचिमा समावेश हुन तोकिएको योग्यता पुगेका इच्छुक व्यक्तिहरुले तोकिए बमोजिमको दरखास्त फाराम भरी तपशिल बमोजिमका कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र यस गाउँपालिकाको ईमेल ठेगाना kepilasmun@gmail.com मा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरुः**

१. दरखास्त फाराम

२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।

४. अनुभव/तालीम/सीप परीक्षण तह/व्यवसायिक योग्यता प्रमाणित गर्ने कागजातको प्रमाणमित प्रतिलिपी ।

५. अन्य आवश्यक कागजागहरु ।

**द्रष्टव्यः**

क. प्रशिक्षकको सूचि (Roster) निर्माण गर्नको लागि यस गाउँपालिकामा पर्न आएका दरखास्त उपर छानवीन गरी सूचि निर्माण गरिनेछ ।

ख. रीत नपुगेका दरखास्त फाराम उपर कुनै कारबाही गरिने छैन ।

ग. सूचिमा नाम समावेश भएका व्यक्तिहरु मध्येबाट प्रशिक्षण कार्यका लागि प्रशिक्षकको रुपमा खटाइने छ ।

घ. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रशिक्षको शैक्षिक योग्यता,तालिम वा अनुभव :**

क. **प्रशिक्षकः-** सम्वन्धीत विषयमा स्नातक उत्तीर्ण गरी सम्बन्धीत विषयमा शिक्षण प्रशिक्षणको तालिम लिएको वा सम्वन्धीत विषयमा सीप तह-३ उत्तीर्ण ।

ख. **सहायक प्रशिक्षकः-** सम्वन्धीत विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धीत विषयमा शिक्षण प्रशिक्षणको तालिम लिएको वा सम्वन्धीत विषयमा सीप तह-२ उत्तीर्ण ।

**तालिमका विषयहरु :**

| सि.नं. | तालिमको नाम | सि.नं. | तालिमको नाम | सि.नं. | तालिमको नाम |
|---|---|---|---|---|---|
| १ | बंगुर पालन तालिम | ३ | मोटरसाईकल मर्मत तालिम | ५ | ढाका बुनाई तालिम |
| २ | बाख्रा पालन तालिम | ४ | कपाल कटाई (सैलुन) तालिम | | |

प्रमुख प्रशासकिय अधिकृत